# यू. एस. श्रम मंत्रालय
# निकृष्ट बालश्रम सम्बन्धी २०१९ को निस्कर्ष

## नेपाल

सन् २०१९ मा नेपालले निकृष्ट बालश्रम उन्मूलन गर्ने कार्यमा मध्यम स्तरीय प्रगति हाँसिल गरेको छ। सरकारले नेपाल बाल तथा बाध्यात्मक श्रमको आँकडा सहितको श्रम शक्ति सर्वेक्षण प्रकाशन गरेको छ। त्यसको अतिरिक्त सबै बालबालिकालाई निःशूल्क तथा अनिवार्य शिक्षा प्राप्त हुने गरि यसै प्रतिवेदन वर्षमा सरकारले नयाँ शिक्षा नीति लागू गरेको छ। बालबालिको उद्धार र पुनर्स्थापना कार्यमा सहयोग पुऱ्याउनका लागि प्रहरीले पनि मानव बेचबिखन प्रतिरोधक नयाँ विभाग (ब्युरो)को सिर्जना गरेको छ, जस अन्तर्गत जोखिमपूर्ण बालश्रमका उधाहरणहरु (केसहरु) मा सरकारको श्रम मन्त्रालय संग पनि समन्वय गरिनेछ। यद्यपि नेपालमा बालबालिकाहरू व्यावसायिक यौन शोषणलगायतका अन्य निकृष्ट बालश्रममा संलग्न रहेको पाइएको छ र कहिलेकाहीँ यो मानव तस्करीसँग जोडिएको पनि हुन्छ। बालबालिकाहरू इँटा उद्योगमा पनि खरतापूर्ण बालश्रममा संलग्न रहेको पाइने गरेको। श्रम ऐन र त्यस अन्तर्गत पर्ने बालश्रम सम्बन्धी कानुन लागू गर्नका लागि श्रम मन्त्रालयको बजेट, बालश्रम निरीक्षक संख्या, र उनीहरूलाई उपलब्ध तालीम र स्रोत साधन सबै क्षेत्रमा अभावको स्थिति रहेको छ। मुलुकको कानूनमा तोकिएको जोखिमयुक्त कामको सूचीमा १७ वर्षीय बालबालिकाहरूलाई नसमेटिएको हुँदा उनीहरुले कानूनी संरक्षणको अभाव भोगेको र त्यस्तो अभावमा बालबालिकाहरू निकृष्ट बालश्रमको जोखिममा रहने स्थिति अझ कायमै रहेको छ।

प्राप्त प्रतिवेदनलाई अधार मान्दै नेपालमा निकृष्ट बालश्रम उन्मूलन गर्ने दिशामा तल उल्लेखित ठोस कदमहरु पहिचान गरिएका छन्:

| क्षेत्र | सुझाब गरिएका कदम | सुझाव दिईएको वर्ष(हरू) |
|---|---|---|
| कानूनी प्रावधान | मानव तस्करी सम्बन्धि पोलेर्मो प्रोटोकलमा स्वीकृति जनाउनु | २०१३ – २०१९ |
| | श्रम कानुनलाई आईएलओ को दफा सि.१८२ सँग नबाझिने गरेर जोखिमयुक्त रोजगारीमा भाग लिन न्यूनतम प्रवेष उमेरलाई बढाउँदै १८ वर्ष बनाउन सुनिश्चित गर्ने। | २००९ – २०१९ |
| | बालबालिकालाई भाग लिनबाट निषेध गरिएका जोखिमयुक्त रोजगारीको सूची फराकिलो बनाउँदै त्यसमा इँटाभट्टा जस्ता अन्य बालश्रम प्रयोग हुने गरेका विभिन्न निश्चित क्षेत्रहरू समेटी सुनिश्चित गर्ने। | २०१५ – २०१९ |
| | अन्तराष्ट्रिय मापदण्ड अनुरुप बिस्तृत कानूनी र अपराधिक रुपमा बालबालिकाको तस्करी लाई निषेध गर्न सुनिश्चित गर्ने। | २०१५ – २०१९ |
| | १८ वर्षसम्मका बालबालिकाहरुलाई लागू औषध उत्पादनमा संलग्न गराउने कार्यलाई कानून सम्मत अपराधिक रुपमा निषेधित गर्न सुनिश्चित गर्ने। | २०१५-२०१९ |

## यू. एस. श्रम मंत्रालय
## निकृष्ट बालश्रम सम्बन्धी २०१९ को निस्कर्ष

| क्षेत्र | सुझाब गरिएका कदम | सुझाव दिईएको वर्ष(हरू) |
|---|---|---|
| | सशस्त्र गैर-राज्यपक्ष समूह द्वारा १८ वर्ष मुनिका बालबालिकालाई भर्ना गर्न निषेधित गर्न सुनिश्चित गर्ने। | २०१६-२०१९ |
| कानुन कार्यान्वयन | श्रम ऐन कार्यान्वयनसँग सम्बन्धित निम्न विषयहरुमा तथ्यांक प्रकाशन गर्नेः कार्यस्थलमै गइ गरिएका श्रम निरिक्षणको संख्या, भेटिएका बालश्रम उल्लंघनका घटना संख्या, बालश्रम उल्लंघन गरेको मुद्दामा जारी गरिएको दण्ड सजाय  संख्या, जारी गरिएको जरिमाना असुल गरिएको संख्या, र अपराध सम्बन्धि कानुन कार्यान्वयन सम्बन्धि चालिएका कदमहरु जस्तो कि अपराध अनुसन्धान कर्तालाई प्रारम्भिक तालीमको उपलब्धता, अनुसन्धान कर्ताकोलागि अद्यावधिक तालीम, तथा निकृष्ट बालश्रमसम्बन्धि उल्लंघन, कानुनी कारबाही, दोष प्रमाण, र जरिमाना भोगाईएकाहरुको संख्या। | २००९-२०१९ |
| | निकृष्ट बालश्रममाथि निगरानी राख्न र त्यसको अनुगमन गर्नका लागि सबै गतिविधिहरु छुट्टिनेगरी एउटा केन्द्रीकृत डाटाबेस निर्माण गर्नका लागि पर्याप्त स्रोत साधन उपलब्ध गराउने। | २००९-२०१९ |
| | आइएलओको प्राविधिक सुझाव पालना गर्नका लागि श्रम निरीक्षकको संख्या वृद्धि गर्ने। | २०१०-२०१९ |
| | बालश्रम विरुद्धका कानुनी प्रावधानहरूको कार्यान्वयन र उल्लंघनकारीहरू माथि कानुनी कारबाही सुनिश्चित गर्ने। | २०१८-२०१९ |
| | बालश्रम कानुन पूर्ण रुपमा लागू गर्नका लागि श्रम विभागलाई पर्याप्त बजेट उपलब्ध गराउन सुनिश्चित गर्ने। | २०१६-२०१९ |
| | बालश्रमको प्रयोग पर्याप्त रूपमा रोकथाम गर्नका लागि दण्डसजायमा वृद्धि गर्ने। | २०१५-२०१९ |
| | अपराध नियन्त्रण कानुन लागू गर्ने निकायलाई थप श्रोत साधन उपलब्ध गराउने ताकि उनीहरूले निकृष्ट बालश्रम संग सम्बन्धित अपराध विरुद्ध कानुनको कार्यान्वयन गर्न सकुन्। | २०११-२०१९ |
| | उजुरी आएपछि मात्र श्रम निरीक्षण गर्नुको साटो उदेस्यपूर्ण तरिकाले निरीक्षण गर्नको लागि खासगरि स्थानीय तहलाई लक्षित निरिक्षण गर्ने निकायलाई सुद्रिढ बनाउने। | २०१७-२०१९ |
| | खास गरेर अनौपचारिक क्षेत्रमा बालश्रम निरीक्षणको संख्यामा वृद्धि गर्नुको साथै जनशक्तिको क्षमतामा सुधार गर्ने। | २०१८-२०१९ |

**यू. एस. श्रम मंत्रालय**

**निकृष्ट बालश्रम सम्बन्धी २०१९ को निस्कर्ष**

| क्षेत्र | सुझाब गरिएका कदम | सुझाव दिईएको वर्ष(हरू) |
|---|---|---|
| | निकृष्ट बाल श्रमको साथै बालश्रम संग सरोकार राख्ने कानून सम्बन्धि श्रम निरीक्षकहरुलाई दीईने अद्यावधिक तालीमलाई संस्थागत गर्ने। | २०१९ |
| सरकारी नीतिहरु | बालबालिकाको व्यवसायीक यौन शोषण, बालबालिकालाई जबरजस्ति श्रममा लगाउने र उनीहरुलाई अन्य अपराधिक गतिविधिमा संलग्न गराउने जस्ता सन्दर्भमा आएका सबै प्रकारका निकृष्ट बालश्रमलाई सम्बोधन गर्ने खालका नीतिहरू अंगिकार गर्ने। | २०१६-२०१९ |
| | बलबालिकालाई बलपूर्वक श्रममा लगाइने अवस्थालाई प्रभाकरी ढंगले सम्बोधन गर्नका लागि त्यसलाई मानव तस्करी विरोधि आयोजनाका दायराभित्र ल्याउँदै विशेषगरी महिला र बालबालिकाको मानव तस्करी प्रतिरोधक राष्ट्रिय कार्ययोजनाको अद्यावधि गर्ने। | २०१८-२०१९ |
| सामाजिक कार्यक्रम | निर्माण लगायतका क्षेत्रहरुमा अनुसन्धाको आधारमा बालबालिकाहरु कस्ता गतिविधिमा संलग्न हुँदा रहेका छन् भन्ने कुराको ठहर गर्ने र सो जानकारीलाई सामाजिक नीति निर्माणमा प्रयोग गर्ने। | २०१९ |
| | खासगरी जोखिमपूर्ण रोजगारीको परिप्रेक्षमा सबभन्दा निकृष्ट प्रकारका बालश्रम सम्बन्धी तथ्यांक संकलन र प्रकाशन गर्ने। | २०१८-२०१९ |
| | विद्यालयमा सफा शौचालयको सुविधा नहुनु, विद्यालय लामो दूरीमा रहनु, बिद्यालय शुल्क, रोजगारी पाउनु पर्ने दबाब, कामको लागि नेपाल बाहिर जानु पर्ने, र लागु औषधि र मादक पदार्थ जस्ता शिक्षाका लागि हुने अवरोधहरु हटाउने। | २०१३-२०१९ |
| | ईंटा भट्टामा कर्यरत बालबालिका सहित व्यवसायीक यौन शोषणबाट पीडित बालबालिकाको हितमा सामाजिक कार्यक्रमहरू सृजना गर्ने। | २०१८-२०१९ |
| | अपाङ्गता भएका तथा शरणार्थी सहित सबै बालबालिकाको शिक्षामा पहुँच बढाउने र त्यसका बाधकहरू हटाउने प्रयासमा सहयोग पुर्‍याउने। | २०१९ |